जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ३६ • २०८३ साल आषाढ ११ गते बिहीबार (25 June, Thursday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-

## रास्वपामा निर्वाचन जारी, सभापतिमा रवि निर्विरोध

**टुडे समाचारदाता**

भरतपुर । प्रतिनिधिको विवाद मिल्न नसक्दा चितवनमा जारी रास्वपाको प्रथम महाधिवेशनअन्तर्गत नेतृत्व चयनका लागि ढिलो गरी मतदान प्रक्रिया शुरु भएको छ। निर्वाचनमा मतदान सम्पन्न भएको केही बेरमै मत परिणाम आइसक्ने रास्वपा निर्वाचन समितिले जनाएको छ।

यता प्रतिनिधिका लागि जारी विवाद नमिलेपछि भोटिङमा ढिलाइ भएको महामन्त्री कवीन्द्र बुर्लाकोटीले जानकारी दिए। प्रदेश र जिल्लाका प्रतिनिधिहरू छुटेको गुनासो निरन्तर आएपछि विवाद साम्य नभएको बताइएको छ।

सभापतिमा रवि लामिछाने सर्वसम्मत निर्वाचित भए पनि अन्य पदाधिकारी तथा केन्द्रीय सदस्यमा आकांक्षीको लर्को नै छ। पार्टीमा उपसभापति, महामन्त्री, सहमहामन्त्री र केन्द्रीय सदस्यको लागि दाबेदारको संख्या बढी छ।

प्रतिनिधि चयनको ढिलाइ गर्दा भोटिङ मेसिनको प्रयोग गर्ने तरिका सिकाइएको थियो। प्राविधिक टोलीका सदस्य श्रवण महतोले प्रतिनिधिलाई भोट हाल्न सिकाइएको बताए।

विद्युतीय भोटिङ मेसिनबाट मतदान गर्न एक प्रतिनिधिलाई २० मिनेटसम्म लाग्ने छ। एउटा पदाधिकारीलाई मतदान गरेपछि अर्कोमा सर्दै जान्छ। भोट कम्प्लिट हुँदा 'कन्फर्म' गरेपछि मात्रै भोटको भ्यालिड हुन्छ।

### वीरगञ्जका निलम्बित मेयरले पाएनन् राहत

# सर्वोच्चले अन्तरिम आदेश दिन गरे अस्वीकार, १५ गते छलफल

**टुडे समाचारदाता**

काठमाण्डु । मधेश प्रदेशका एकमात्र वीरगञ्ज महानगरपालिकाका निलम्बित मेयर राजेशमान सिंहले सर्वोच्च अदालतबाट समेत राहत पाएनन्। पद बहालिका लागि उनले अख्तियार विरूद्ध दायर गरेको रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ।

निलम्बित मेयर सिंहले सर्वोच्च अदालतबाट तत्काल राहत पाउने अपेक्षा गर्दै रिट दर्ता गरेका थिए। सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेपछि उनले तत्काल पदमा बहाली हुने सम्भावना समाप्त भएको छ।

उनीसहित ६ जना बिरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत जेठ २५ गते विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता गरेको थियो। विशेष अदालतमा मुद्दा दर्ता भएसँगै उनी स्वतः निलम्बनमा परेको हो।

अख्तियारले प्रमाण सहित विशेष अदालतमा दर्ता गरेको मुद्दा विरुद्ध सिंहले सर्वोच्च अदालतमा रिट दायर गर्दै आफूविरुद्ध अन्यायपूर्ण ढंगले मुद्दा दायर गरिएको दाबी गरेका थिए। उनले पुनः नगरप्रमुखको हैसियतमा काम गर्न पाउने व्यवस्था मिलाउन अन्तरिम आदेशको माग गरेका थिए।

सर्वोच्च अदालतमा सो मुद्दाको सुनवाई गर्दै न्यायाधीश कुमार रेग्मीको एकल इजलासले तत्काल अन्तरिम आदेश दिन आवश्यक आधार नदेखिएको ठहर गरेको छ। अदालतले असार १५ गते दुबै पक्षलाई छलफलका लागि बोलाएको छ।

सर्वोच्चले अन्तरिम आदेश दिन अस्विकार गरेसँगै सिंह तत्काल पदमा फर्किने सम्भावना टरेको छ। विशेष अदालतमा आफ्नो प्रतिरक्षा प्रस्तुत गर्नुअघि नै उनी सर्वोच्च अदालतबाट राहत खोजेका थिए।

अख्तियारको अनुसन्धान अनुसार भट्टराई थर भएकी एक महिलाकी छोरीलाई राजेशमान सिंहले आफ्नो छोरी 'रविना श्रेष्ठ' का रूपमा देखाई नेपाली नागरिकता दिलाउन योजनाबद्ध रूपमा सरकारी कागजात तयार गरेको थियो। जन्मदर्ता, वडा कार्यालयको सिफारिस तथा जिल्ला प्रशासन कार्यालयबाट नागरिकता जारी हुने सम्पूर्ण प्रक्रियामा झुट्टा विवरण प्रयोग गरिएको आयोगको दाबी छ। यस प्रकरणमा वीरगञ्ज महानगरपालिका वडा नम्बर ३ का तत्कालीन वडा सचिव भिखारी राय, तत्कालीन कार्यवाहक वडा अध्यक्ष तुफेल अख्तर ठकुराई, जिल्ला प्रशासन कार्यालय पर्साका तत्कालीन प्रशासकीय अधिकृत षड्कुमार पोखरेल, गृह मन्त्रालयका तत्कालीन उपसचिव पुष्कर राना तथा शाखा अधिकृत पुरुषोत्तम पोखरेललाई पनि प्रतिवादी बनाइएको छ। अख्तियारका अनुसार नागरिकता जारी गर्ने क्रममा मात्र नभइ




त्यसपछि प्रमाण नष्ट गर्ने, सरकारी अभिलेख हेरफेर गर्ने, केरमेट गर्ने तथा तथ्य लुकाउने प्रयास समेत भएको छ।

आयोगले विशेष रूपमा नगरप्रमुख सिंहमाथि नागरिकतासम्बन्धी महत्वपूर्ण सरकारी कागजात नष्ट गरेको आरोप लगाएको छ। यस प्रकरणसँग सम्बन्धित गृह मन्त्रालयद्वारा गठित छानबिन समिति पनि विवादमा परेको छ। समितिका संयोजक पुष्कर राना र सदस्य पुरुषोत्तम पोखरेलले वास्तविक तथ्यलाई कमजोर बनाउने गरी प्रतिवेदन तयार पारेको अख्तियारको आरोप छ। आयोगका अनुसार उनीहरूले कागजात नष्ट भएको तथ्य स्वीकार गरे पनि त्यसको गम्भीरता र आवश्यक कारबाहीको पक्षलाई बेवास्ता गर्दै भ्रामक निष्कर्ष सहित प्रतिवेदन दिएका थिए।

अनुसन्धानको क्रममा नागरिकता जारी गर्ने प्रक्रियामा संलग्न विभिन्न निकायका कर्मचारी तथा अधिकारीको भूमिकाबारे प्रश्न उठेपछि प्रकरण थप गम्भीर बनेको थियो। लामो अनुसन्धानपछि अख्तियारले भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत विभिन्न कसुरमा कैद तथा जरिवानाको माग गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको छ।

देशको राष्ट्रिय पहिचान पत्रको रुपमा रहेको नागरिकताको संवेदनशील विषयमा स्थानीय तह, जिल्ला प्रशासन कार्यालय र गृह मन्त्रालयसम्मका कर्मचारी तथा अधिकारीहरू मुछिएपछि कारवाहीको लागि पटक पटक माग उठेको थियो।

नागरिकता र राहदानी किर्ते जालसाजी गरेको अभियोगमा निलम्बित मेयर सिंहमाथि जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, गृह मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत अदालतमा समेत उजुरी र मुद्दाहरु परेका थिए। तर महानगरको मेयरको प्रभावबाट कारवाहीलाई रोक्दै आएका थिए। यस अभियोगमा उनी जिल्ला अदालत पर्साबाट धरौटी राखेर तारेखमा रिहा भएका हुन्।

# राबैंकबाट ६० लाखको नक्कली ऋण, कर्मचारीको मिलेमतो

**कमलेश मण्डल**




जलेश्वर । राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखाका कर्मचारी र धितो मूल्यांकनकर्ताको मिलेमतोमा सरकारी कागजात कीर्ते गरी ६० लाख रुपैयाँ ऋण प्रवाह भएको खुलेको छ।

फर्जी लालपुर्जा, फर्जी रोक्का र फर्जी लिखतका आधारमा उक्त बैंकबाट लोहारपट्टी नगरपालिका-४ का श्रीनारायण साहको नाममा २०८३ जेठ १ गते ६० लाख रुपैयाँ ऋण प्रवाह भएको हो। बैंक जलेश्वरका शाखा प्रबन्धक प्रदिप कुमार झाले फर्जी कागजातकै आधारमा ६० लाख रुपैयाँ ऋण प्रवाह भएको स्विकारेका छन्।

साहले पेश गरेका कागजहरु किर्ते भएको स्थानीयले बैंकलाई जानकारी गराएपछि बैंकले उक्त कागजपत्रहरुलाई रुजु गर्नका लागि भूमि प्रशासन कार्यालय जलेश्वरमा पत्र पठाएको थियो। साहले बैंककै कर्मचारीसरकारीको मिलेमतोमा छाप र कर्मचारीको हस्ताक्षरसमेत किर्ते गरेको पाइएको छ। उनीहरुले धितोको लालपुर्जा नै नक्कली भएको मालपोतबाट रोक्कालगायत कागजपत्रसमेत नक्कली बनाइएको किर्ते गरेको खुलासा भएको छ। ऋणी साहले बैंकमा पेश गरेको सक्कली जग्गाको बजार मूल्य १६ लाख ५० हजार मात्रै भएको तथ्यसमेत खुलेको छ।

राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखामा नक्कली र किर्ते कागजपत्रहरूका आधारमा ऋण लगानी गरेको तथ्य सार्वजनिक भएपछि राष्ट्रिय वाणिज्य बैंकको केन्द्रीय कार्यालय काठमाण्डुको कानुन शाखाले आन्तरिक छानबिन शुरु गरेको छ।

बैंकका शाखा प्रबन्धक झा र कर्जा शाखाका प्रमुख राकेश यादवलाई धितो मूल्यांकनकर्ता योगेन्द्र यादव र कर्जा प्रवाहमा संलग्न कर्मचारीमाथि छानबिन भइरहेको छ। प्रबन्धक झालगायतका कर्मचारीसमेतको मिलेमतोमा यस्तो काम भएको भन्दै उनीहरुलाई हालसम्म प्रहरीले पक्राउ गरेको छैन।

बलवा नगरपालिका- ३ का रामकरण साह कानुबाट २०८३ बैशाख २८ मा लोहारपट्टी नगरपालिका- ४ का श्रीनारायण साहले बलवा- १ को कित्ता नम्बर ७०९ को १३ धुर जग्गा खरिद गरेका थिए। श्रीनारायण साहले जग्गा को नक्कली धनीपुर्जामा २०८० पुस २० गते मिति परिवर्तन गरी र किर्ते कागजपत्रहरूका आधारमा राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखाबाट ६० लाख रूपैयाँ कर्जा लिएका हुन्।

राष्ट्रिय वाणिज्य बैंक जलेश्वरले जग्गा रोक्काका लागि २०८३ वैशाख ३० गते भूमि प्रशासन कार्यालय जलेश्वरमा पत्र पठाएको देखिन्छ। बैंकले २०८३ जेठ १ गते ऋण स्वीकृत गरेको देखिन्छ।

प्रारम्भमा बैंकले यो प्रकरणलाई लुकाउन खोजेको थियो। हालसम्म उसले प्रहरीमा जाहेरीसमेत दिएको छैन। आफ्ना धेरै कर्मचारी अनुसन्धानमा तानिने भएपछि बैंकले उजुरी नदिएको स्रोत बताउँछ। त्यति ठूलो रकम कर्जा प्रवाह गर्दा आधारभूत प्रक्रियासमेत पूरा नगरेको देखिए पनि त्यसमा संलग्न कर्मचारीले उन्मुक्ति पाउने सम्भावना देखिएको छ।

यसमा बैंकको विभिन्न तहबाट गम्भीर लापरबाही र मिलेमतो भएको खुले पनि बैंकले त्यसतर्फ अनुसन्धान गरेको छैन। बैंकका शाखा प्रबन्धक झाले कर्जा प्रवाह गर्ने कार्यमा संलग्नलाई कारबाही र अनुसन्धानका लागि राष्ट्रिय वाणिज्य बैंकको केन्द्रीय कार्यालय काठमाण्डुको कानुन शाखामा पत्राचार गरिसकेको बताए। ऋणी श्रीनारायण साहको थप जग्गा रोक्का गरिसकेको र यस कार्यमा भूमि प्रशासन कार्यालय जलेश्वरका कर्मचारी नै दोषी देखिएकाले अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयलाई पत्राचार गरिने उनले बताए।


बैंकका कर्मचारी र केही व्यक्ति मिलेर फर्जी कागजात तयार पारी आफू र आफू आबद्ध बैंकलाई झुक्याएको उनको दाबी छ। 'बैंकका कर्मचारी र केही व्यक्ति मिलेर योजनाबद्ध रूपमा फर्जी कागजात बनाइ मलाई झुक्याएर ६० लाख ऋण निकालेका छन्' उनले भने, यसमा मेरो संलग्नता छैन भए कारबाही भोग्न तयार छु।

तर भूमि प्रशासन कार्यालय जलेश्वरका प्रमुख दीपेन्द्र कुमार झाले सरकारी छाप र कर्मचारीको हस्ताक्षरसमेत किर्ते गरी नक्कली जग्गाधनी प्रमाण पत्रको आधारमा कर्जा प्रवाह गर्ने कार्यमा बैंककै कर्मचारी संलग्न रहेको आरोप लगाउँदै निष्पक्ष छानबिनको माग गरेका छन्।

बाहिरै फाइल बनाइ भूमि प्रशासन कार्यालयको छाप र दस्तखतसमेत किर्ते गरेको विषय सार्वजनिक भएपछि महोतरी प्रशासनले चासो लिएको छ। यस प्रकरणमा भुमि प्रशासन कार्यालयको छाप र दस्तखत किर्ते गरिएकाले आवश्यक कारबाहीका लागि प्रमुख जिल्ला अधिकारीलाई आग्रह गरिएको महोतरी भूमि प्रशासन कार्यालयका प्रमुख झाले जनाएका छन्। सरकारी छाप दस्तखत गरी किर्ते कार्य गरिएको जानकारी भूमि प्रशासन कार्यालयका प्रमुखबाट आएको र उक्त काममा संलग्नहरूलाई कारबाहीको दायरामा ल्याइने जिल्ला प्रशासन कार्यालय महोतरीले जनाएको छ।

बैंकले ऋण दिंदा जग्गा रोक्काका लागि बैंक कर्मचारी नै जाने गरेका छन्। साथै रोक्का अगाडि बैंकले नै खटाएको व्यक्ति मूल्यांकन गर्नसमेत जाने गरेका छन्। शाखा प्रबन्धकले पनि कागजात अध्ययन गरेपछि मात्र ऋण दिने व्यवस्था छ। तर कर्मचारी र प्रबन्धक समेतको मिलोमतोमा अवैध रुपमा ६० लाख रुपैयाँ ऋण प्रवाह भएको छ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# पौडेल पक्राउले राजनीतिमा हलचल

सम्पत्ति शुद्धिकरण मुद्दामा नेकपा एमालेका उपाध्यक्ष समेत रहेका पूर्वअर्थमन्त्री विष्णु पौडेललाई पक्राउ गरिएको छ। पूर्वमन्त्री पौडेललाई एमालेको कार्यक्रममा सहभागी रहेको बेला प्रहरीले पक्राउ गरेको हो । पौडेललाई पश्चिम नेपालमा पक्राउ गरी काठमाण्डु ल्याएर विशेष अदालतमा मुद्दा समेत दर्ता भइसकेको छ । विशेष अदालतले अनुसन्धानका लागि सात दिनका लागि म्याद समेत थप गरेको छ । विष्णु पौडेल विगतमा बालुवाटारस्थित ललिता निवासको जग्गा विवादमा समेत मुछिएका थिए । तर तत्कालीन एमालेको सरकारले उनलाई सो जग्गा सरकारको नाममा फिर्ता गराएर सफाई दिएको थियो। पौडेल एमाले पुनर्गठनको अभियानमा लागेका नेता हुन्। एमाले अध्यक्ष समेत रहेका पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको विश्वस्त मानिने पौडेल अहिले भने ओलीलाई पद छाड्न दबाब दिदै आएका छन्। पौडेलमाथि सम्पत्ति शुद्धिकरणको मुद्दा दर्ता गरिएसंगै राजनीति क्षेत्रमा हलचल देखिएको छ । एमालेका अन्य कयौं नेता सम्पत्ति शुद्धिकरण मुद्दामा पर्ने त्रासमा देखिएका छन् । नेपाली कांग्रेस र नेपाली कम्युनिष्ट पार्टी(नेकपा)का नेताहरु पनि भयभित छन् । सम्पत्ति छानबिन आयोग पनि सरकारले बनाएको छ । त्यो आयोगले राजनीतिक नियुक्ति, उच्च पदस्थ कर्मचारी लगायतको सम्पत्ति विवरण माग गरेको छ । सम्पत्ति विवरण बुझाउने समयसीमा असार मसान्त सम्म बढाइएको छ । देशमा अवैध रुपबाट अकुत सम्पत्ति आर्जन गर्नेहरुलाई सरकारले कारबाहीको दायरामा ल्याउन थालेको छ । यसमा उद्योगी, व्यवसायी, राजनीतिकर्मी, उच्चपदस्थ कर्मचारीहरु पनि परेका छन् । सरकारले अवैध रुपमा सम्पत्ति सञ्चित गरेका विरुद्ध चलाएको अभियानले धेरैलाई भयभित बनाएको छ। सम्पत्ति शुद्धिकरण मुद्दामा पौडेल पक्राउ परे पनि एमालेमै सबै नेता दुखी छैनन् । तर धेरै त्रासमा छन् । सरकार भ्रष्टाचार शून्य सहनशीलताको घोषणालाई कार्यान्वयनमा दृढता पूर्वक अगाडि बढेको छ। पौडेल उपर भएको कारबाहीले अन्य ठूला नेता र कर्मचारीहरु पनि पर्ने निश्चित भएको छ । सरकारले पूर्वाग्रही भएर पौडेलमाथि कारबाही गरेको एमालेले भने पनि अन्य दलहरुले यस विषयमा मुख खोलेको छैन। सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) को पहिलो महाधिवेशनको उद्घाटन सत्रमा प्रधानमन्त्री बालेन्द्र साह(बालेन) ले 'एक्सप्रेस वे' मा चलेको गाडी गन्तव्यमा नपुगेसम्म ब्रेक नलाग्ने अभिव्यक्ति दिएका थिए। प्रधानमन्त्री बालेनको अभिव्यक्तिले पुराना दलका नेताहरुलाई तर्साएको देखिन्छ । पौडेल पक्राउले प्रधानमन्त्रीको अभिव्यक्ति कार्यान्वयनमुखी रहेको सन्देश प्रवाह भएको छ । सरकारलाई विपक्षी दलहरुले सय दिनमा काम गर्न नसकेको आरोप लगाए पनि त्यसबाट बेफिक्री भएर कामलाई अगाडि बढाइएको छ। पौडेललाई सम्पत्ति शुद्धिकरण अभियोगमा पक्राउ गरिएपछि सात दिनको समय अनुसन्धानको लागि दिएको छ। मुद्दा कुन रुपमा अगाडि बढ्ने त्यो अनुसन्धानमा निर्भर गर्नेछ।

## ट्रम्पको बहुलठ्ठीपनः

# अमेरिकी साम्राज्यवादको संकट



● बलराम बास्कोटा

डोनाल्ड ट्रम्पको नाम लिनासाथ अधिकांश विश्लेषकले 'अप्रत्याशित', 'उच्छृ‌ङ्खल', 'बहुलठ्ठे' जस्ता विशेषणहरू जोड्ने गरेको पाइन्छ। मार्क्सवादी र वामपन्थी कोणबाट विश्लेषण गर्दा यी चरित्रगत विशेषतालाई मात्र केन्द्रबिन्दु बनाउनु हुँदैन । बरु, ट्रम्पको तथाकथित 'बहुलठ्ठीपन'लाई अमेरिकी साम्राज्यवादको गहिरो संरचनात्मक संकटको अभिव्यक्तिका रूपमा लिनुपर्ने हुन्छ।

यसले एकाधिकार पुँजीपति वर्गको हित, घट्दो प्रभुत्व र बढ्दो आन्तरिक अन्तर्विरोधले विश्वलाई अशान्ति, युद्ध र आर्थिक असन्तुलनतर्फ धकेलिरहेको वास्तविकता छर्लङ्ग पार्छ। हालै समाप्त भएको अमेरिका-इरान युद्ध (जसलाई ट्रम्पले आफ्नो ८०औँ जन्मदिनको अवसर पारेर घोषणा गरे) यसको ज्वलन्त उदाहरण हो।

यस आलेखमा हामी ट्रम्पको उच्छृङ्खल नेतृत्वले विश्व अर्थतन्त्र, मध्यपूर्वको भूराजनीति, र सर्वहारा वर्गमाथि पारेको प्रभावको वामपन्थी कोणबाट विश्लेषण गर्ने प्रयास गर्नेछौं।

### बहुलठ्ठीपनको द्वन्द्वात्मक भौतिकवादी व्याख्या

मार्क्सवादी दृष्टिमा कुनै पनि सत्तासीन व्यक्तित्वको व्यवहार उत्पादन सम्बन्ध र वर्ग सङ्घर्षको उपज हो। ट्रम्पको 'बहुलठ्ठीपन' केवल उनको मनोविज्ञानको विशेषता मात्र होइन, यो अमेरिकी साम्राज्यवादको सङ्क्रमणकालीन अवस्थाको प्रतिबिम्ब हो।

सन् १९७० पछि अमेरिकी अर्थतन्त्रमा उत्पादनको वास्तविक क्षेत्रको तुलनामा वित्तीय क्षेत्रको प्रभुत्व बढ्दै गयो । वित्तीयकरणको यो प्रक्रियाले अल्पकालीन नाफा, उच्च जोखिम र आवेगात्मक निर्णयलाई प्रोत्साहन दियो। ट्रम्प स्वयं एक वित्तीय पुँजीपति हुन्, जसको व्यावसायिक शैली दिवालिया हुने र पुनः उठ्ने, ऋणको राजनीति, र बजारलाई हेरफेर गर्ने तरिकाले भरिपूर्ण छ।

यही शैली जब उनी राष्ट्रपति बने, त्यसले विश्वराजनीतिमा 'बहुलठ्ठीपन'को रूप लियो । तर यो व्यक्तिगत असफलता होइन । यो अमेरिकी पुँजीवादको विकासको एउटा चरण हो, जहाँ उत्पादन शक्ति र उत्पादन सम्बन्धबिचको अन्तर्विरोध अत्यन्त तीव्र भएको छ।

ट्रम्पले इरानमाथि युद्ध छेड्नुको मुख्य कारण 'तेलको मूल्य नियन्त्रण' वा 'इजरायलको सुरक्षा' मात्र थिएन, यो अमेरिकी हैकमवाद कायम राख्न र घट्दो एकध्रुवीय विश्व व्यवस्थालाई हिंसाको बलमा टिकाइराख्ने यत्न थियो।

### हर्मुज नाकाबन्दी र विश्व अर्थतन्त्रमा त्यसको असर

ट्रम्पले इरानसँग युद्ध सुरु गर्दा स्ट्रेट अफ हर्मुज बन्द हुने जोखिमलाई पूर्वानुमान गरेनन्। पूर्वानुमान गर्ने मित्रहरूको सुझाव पनि उनले बेवास्ता गरे। मार्क्सवादी कोणबाट हेर्दा यो 'बहुलठ्ठीपन' पुँजीवादी योजनाको असफलता होइन, बरु वित्तीय पुँजीको अल्पकालीन नाफाका लागि दीर्घकालीन आपूर्ति शृंखलालाई जोखिममा राख्ने प्रवृत्तिको पराकाष्ठा हो।

हर्मुज जलमार्ग बन्द हुँदा विश्वको २५ प्रतिशत कच्चा तेल र २० प्रतिशत ग्यासको आपूर्ति प्रभावित भयो । यसको तत्कालीन असर, तेलको मूल्य आकासियो, जसले सिधै उत्पादन लागत बढायो। ढुवानी, र मलखाद सबै पेट्रोलियममा निर्भर भएकाले कृषि उत्पादन ह्रास भयो खाद्यान्नको मूल्य बढ्यो । तेल आयात गर्ने (नेपाल, श्रीलङ्का, बङ्गलादेश) जस्ता साना राष्ट्रहरू सङ्कटमा परे।

ती देशको व्यापार घाटा डरलाग्दो रूपमा चुलियो। तेलको मूल्य वृद्धिले पुँजीपति वर्गको एउटा वृत्त (तेल कम्पनी, हेज फन्डहरू)लाई भने प्रचण्ड नाफा गरायो । अमेरिका आफैँ तेल निर्यातकर्ता भएकाले ट्रम्प प्रशासन र उनको पुँजीपति समर्थक वर्गलाई समग्रमा फाइदा भयो। तर विश्वको सर्वहारा वर्ग मात्र नभई महँगी, बेरोजगारी र बढ्दो शोषणको मारमा लुम्पेन वर्ग पनि पऱ्यो।

यसरी एक वर्गले अर्को वर्गको हानिबाट नाफा कमायो। ट्रम्पले 'आमेरिका फस्ट' भन्दै गरेको नीति वास्तवमा अमेरिकी एकाधिकार पुँजीलाई पहिलो बनाउने भन्ने नै हो। उनको बहुलठ्ठीपनले यो वर्गीय सत्यलाई हाँस्यास्पद पारिदियो । तर निहित स्वार्थ कहिल्यै बदलिएन।

### उपनिवेशित बुर्जुवा वर्गको दुविधा

मार्क्सवादले उपनिवेश र अर्धउपनिवेश राष्ट्रहरूको 'बफर' भूमिकालाई विशेष महत्व दिन्छ। खाडी राष्ट्र (साउदी, युएई, कतार) आफ्नो सम्पूर्ण अर्थतन्त्र तेल निर्यातमा आधारित र अमेरिकी सैन्य सुरक्षामा टेकेर बसेका थिए। ट्रम्पले इरानविरुद्ध युद्ध छेड्दा ती राष्ट्रलाई पूर्वसूचना नदिनु र युद्धका क्रममा तिनका सार्वजनिक संरचनामा इरानी आक्रमण हुँदा पनि अमेरिकाले इजरायललाई मात्र जोगाउनुले



खाडी राष्ट्रलाई गरिएको उपेक्षा उदाङ्गो पार्छ।

मार्क्सले 'दुई प्रकारका बुर्जुवा'को कुरा गरेका थिए- मेट्रोपोलिसको पुँजीपति, जसले हतियार, प्रविधि, कर्जा नियन्त्रण गर्छ। र, अर्को खाले पुँजीपति, जसले कच्चा पदार्थ र श्रम उपलब्ध गराउँछ। ट्रम्पको बहुलठ्ठीपनले मेट्रोपोलिस पुँजीपतिको अहंकारलाई यति तीव्र बनायो कि उसले प्रर्ीिध्कको बुर्जुवालाई अपमान पनि सहन बाध्य पाऱ्यो।

खाडी राष्ट्रका शासकहरूले आफ्नो भूमिमा अमेरिकी सैन्य अड्डा राख्न दिएको भएपनि, उनीहरू आफ्नै भूमिमाको सुरक्षा गर्न त्यसले सघाउ पुऱ्याएको महसुस गर्नै पाएनन् । यो अपमानले दीर्घकालमा खाडी बुर्जुवा वर्गलाई साम्राज्यवादवाट टाढिन र बहुध्रुवीय विश्वको खोजी गर्न प्रेरित गर्नेछ।

उनीहरूले पहिले नै युक्रेनसँग रक्षा सम्झौता गरिसकेका छन् र भविष्यमा चीन तथा रूससँगको सम्बन्ध विस्तार गर्नेछन्। यो साम्राज्यवादको प्रभुत्व घट्दै जाने प्रक्रियाको एउटा थालनी हो।

### नेतन्याहुः साम्राज्यवादको अग्रपंक्तिको दलाल

ट्रम्पको बहुलठ्ठीपनको मुख्य लाभान्वित इजरायल भयो । मार्क्सवादी कोणबाट हेर्दा यहाँ विरोधाभास देखिन्छ। इजरायली राज्य आफैँ अमेरिकी साम्राज्यवादको 'स्ट्राइक फोर्स' हो, तर ट्रम्पले जे भन्यो त्यही मान्नुपर्छ भन्ने व्यवहारले इजरायली बुर्जुवालाई पनि अपमानित गरेको छ।

नेतन्याहुलाई ट्रम्पले सार्वजनिक रूपमा 'उनले जे भन्यो त्यसको पालना गर्नुपर्छ' भन्ने टिप्पणी गर्नु एउटा उदाहरण मात्र हो। मार्क्सवादी दृष्टिले, बहुलठ्ठीपनको अर्को पाटो पनि छ साम्राज्यवादको संकटले यसको गुण्डागर्दीपूर्ण चरित्रलाई नाङ्गो बनाउँछ।

भेनेजुयलाका संवैधानिक राष्ट्रपतिलाई दिनदहाडै उनकै देशबाट अपहरण गर्नु, इरानी सर्वोच्च नेताको हत्या गर्न सार्वजनिक सिसिटीभी क्यामेराको फुटेज प्रयोग गर्नु, रूसी राष्ट्रपति पुटिनलाई समेत 'तिमी पनि त्यसैगरि मारिन सक्छौ' भन्ने त्रास पैदा गराउनु, यो सबै केवल 'ट्रम्पको बहुलठ्ठीपन' होइन, यो डिजिटल साम्राज्यवादको नयाँ मनोवैज्ञानिक अस्त्र पनि हो।

### सैन्यवाद र हतियार उद्योगको मुनाफा

युद्धको समाप्तिमा एउटा तथ्य स्पष्ट छ– सैन्य रूपमा अमेरिका-इजरायलले जित्यो तर यो युद्धको वास्तविक विजेता को हो ? हतियार उत्पादक एकाधिकार पुँजीपतिका युद्धका क्रममा अमेरिकी हतियारको भण्डार रित्तियो, तर त्यसको प्रतिस्थापनका लागि नयाँ ठेक्का लकहिड मार्टिन, रेथियोन, बोइङ जस्ता कम्पनीलाई दिइयो।

यी कम्पनीहरूले युद्ध समाप्त भएपछि सरकारलाई अझ बढी मूल्यमा हतियार बेचे किनभने 'राष्ट्रिय सुरक्षा' को नाममा पुँजीवादी राज्यले कहिल्यै मोलभाव गर्दैन। ट्रम्प आफैँ एउटा व्यापारी राष्ट्रपति भएकाले उनले यी कम्पनीहरूको प्रत्यक्ष वकालत गरिरहेका छन् । यो उनको बहुलठ्ठीपन मात्र होइन, यो त 'मिलिट्री इन्डस्ट्रियल कम्प्लेक्स'को वास्तविक नमुना हो।

फरक कति मात्र हो भने परम्परागत राष्ट्रपतिहरूले युद्धलाई 'अन्तिम विकल्प'का रूपमा प्रस्तुत गर्थे, ट्रम्पले त युद्धलाई 'जन्मदिनको उपहार'का रूपमा घोषणा गरे। यो नै 'बहुलठ्ठीपन'को पुँजीवादी तमासा हो।

### चीन र रूसः बहुलठ्ठीपनको पूरक प्रतिस्पर्धी

ट्रम्पले युद्ध समाप्तिको सहमति घोषणा गर्दा चिनिया राष्ट्रपति सी जिनपिङ र रूसी राष्ट्रपति पुटिनको प्रशंसा गरे। यो मार्क्सवादी दृष्टिले अत्यन्त चाखलाग्दो छ। किनकी साम्राज्यवादी शिविर भित्रको बहुलठ्ठी व्यवहारले वास्तवमा पूँजीवादी विश्व व्यवस्थाको 'कम्प्राडोर' पक्षलाई उजागर गर्छ।

ट्रम्पले युद्ध सुरु त गरे, तर त्यसको मध्यस्थता गर्न कतार, स्विट्जरल्यान्ड, र चीन-रूसको भूमिका आवश्यक पऱ्यो । यसले बहुध्रुवीय विश्वको यथार्थ देखाउँछ, जहाँ अमेरिकी साम्राज्यवाद एक्लै सबै समस्या समाधान गर्न सक्दैन। तर ट्रम्पको बहुलठ्ठीपनसँग दैव पनि डराउँछ भनेझैँ चीन र रूस पनि डरायो।

पुटिनले मस्कोको हरेक सिसिटीभी क्यामेरा जाँच गराए भन्ने समाचार यसैको प्रमाण हो। उनीहरूलाई थाहा भयो कि ट्रम्प जस्तो 'अनियन्त्रित' साम्राज्यवादी नेताले अन्तर्राष्ट्रिय कानुन, सम्झौता, सीमा, सबै तोड्न सक्छ। यो डर नै नयाँ शीतयुद्धको आगोमा घीउ बन्ने सम्भावनालाइ पनि नकार्न सकिँदैन।

### सर्वहारा वर्गको पीडा र प्रतिरोधको सम्भावना

यी सबैको वास्तविक बोझ कसले बोक्ने ? उत्तर स्पष्ट छ, विश्वको सर्वहारा वर्ग, किसान, लुम्पेन, र उपनिवेशित जनता। इरानमा आक्रमण हुँदा तेलको मूल्य बढेर नेपाल जस्तो अतिकम विकसित राष्ट्रमा दैनिक उपभोग्य बस्तुको मूल्य आकासियो। पेट्रोलको मूल्यले सामानको ढुवानी लागत बढायो, त्यसले खाद्यान्नको मूल्य बढायो, त्यसले वास्तविक ज्याला घटायो।

गरिब देशको गरिब तप्का अझ धराशायी भयो। साउदी, युएईमा रहेका प्रवासी मजदुरहरू (जसमध्ये लाखौँ नेपाली, भारतीय, बङ्गलादेशी) जसको रेमिट्यान्सले गरिब देशको अर्थतन्त्र चल्छ, तिनीहरू आफ्नो रोजगारी गुमाउने, कामको समय बढ्ने, अर्थात् शोषण तीव्र हुने डरले बाँचिरहेका छन्। ट्रम्पको बहुलठ्ठीपनले साम्राज्यवादको असली अनुहार देखाएको छ।

उनीहरूको 'सभ्य पुँजीवाद' को मुकुन्डो छताछुल्ल पारिदिएको छ । जनताले वर्गीय सङ्घर्षको आवश्यकता महसुस गर्न थालिसकेका छन् । अमेरिकामा कम्युनिस्ट पार्टीको आयोजनामा भएका ठुला-ठुला जुलुसले यो पुष्टि गरी सकेको छ। मध्यपूर्व, युरोप र अमेरिकामा पनि ट्रम्प-विरोधी आन्दोलन बलियो बन्दै गएको छ।

### आणविक हतियार र विनाशको उत्पादन सम्बन्ध

ट्रम्पले इरानलाई आणविक हतियार कार्यक्रम त्याग्न दबाब दिए, तर आफैँले अमेरिकी आणविक शस्त्रागारलाई 'प्रभावकारी बनाउने' घोषणा गरे। आणविक हतियार उत्पादन पूँजीवादी उत्पादन सम्बन्धको सबैभन्दा विरोधाभासी उपज हो, जसले सम्पूर्ण मानव सभ्यतालाई नष्ट गर्न सक्छ, ।

तैपनि यसलाई व्यापारिक वस्तुको रूपमा उत्पादन र बिक्री गरिन्छ । ट्रम्पको 'बहुलठ्ठीपन'सँगै अमेरिकी आणविक सिद्धान्त पनि पहिलो प्रहारका लागि खुला भयो। यसले संसारलाई अझै खतरनाक बनाइरहेको छ।

### निष्कर्ष

ट्रम्पको बहुलठ्ठीपन व्यक्तिगत विसङ्गति होइन यो उनीहरूको आवश्यकता हो । जब पुँजीवादी उत्पादन सम्बन्धले उत्पादन शक्तिको विकासमा बाधा पुऱ्याउँछ, तब शासक वर्ग अझ हिंसक, अप्रत्याशित र 'बहुलठ्ठे' बन्दै जान्छ।

अमेरिकी साम्राज्यवादले अब कूटनीति, अन्तर र्ाष्ट्रिय कानुन, र नेतृत्वको आभा गुमाइसकेको छ। ट्रम्पको उदय यसै क्षयको अभिव्यक्ति हो। हर्मुजको सङ्कट, इरान युद्ध, खाडी राष्ट्रको हेपाइ, रूस-चीनको डर, र विश्वव्यापी महँगी, यो सबै एउटै प्रक्रियाका विभिन्न पाटा हुन्।

तर इतिहासको द्वन्द्वात्मकता यही छ, पुँजीवादको संकटले यसको विनाशको सामग्री सिर्जना गर्छ। बढ्दो असमानता, युद्ध, र वातावरणीय सङ्कटले जनतालाई वैकल्पिक व्यवस्थाको आवश्यकता सिकाउँछ । ट्रम्पको बहुलठ्ठीपनको वास्तविक 'जित्ने' को हो भन्ने प्रश्नको उत्तर के हो भने अहिले त अस्थायी रूपमा हतियार उद्योग र तेल एकाधिकार पुँजीपति लाभान्वित भए, तर दीर्घकालमा पुँजीवादी व्यवस्था आफैँ पराजित हुनेछ।

बहुलठ्ठीपनको अन्त्य तब मात्र हुन्छ, जब उत्पादनका साधनहरू जनताको सामूहिक नियन्त्रणमा आउँछन्, । विश्वका स्रोतहरू पुँजीको नाफाका लागि होइन, मानवताको आवश्यकताका लागि परिचालित हुन्छ ्। यसैबिच, हामीले हरेक युद्धलाई, हरेक महँगीलाई, हरेक 'बहुलठ्ठे' राष्ट्राध्यक्षको कार्यलाई वर्गीय चेतनाको नजरले हेर्नुपर्छ । इतिहासको सही पक्षमा उभिनुपर्छ। अन्तर्राष्ट्रिय सर्वहारा वर्गको एकता नै ट्रम्पको बहुलठ्ठीपनको अचुक औषधि हो। यो लेख रातोपाटीडटकमबाट साभार गरिएको छ।

# इतिहासको कडी, मधेसको पहिचान र सुशासनको खोजी



● कृष्ण कुमार सिंह

नेपालको राजनीतिक र सामाजिक विमर्शमा 'राष्ट्रवाद' को परिभाषा सधैँ एउटा बहसको केन्द्रमा रहँदै आएको छ । तर, विडम्बना के छ भने, कतिपय अवस्थामा आधा-अधुरो इतिहासको जगमा उभिएको संकुचित राष्ट्रवादले तराई-मधेशका रैथाने नेपालीहरूको राष्ट्रियता र योगदानलाई सधैँ शंकाको घेरामा राख्ने प्रयत्न गऱ्यो । मधेश र काठमाण्डुको सत्ताबीचको यो मनोवैज्ञानिक खाडल आजको उपज होइन, यसको जरो ऐतिहासिक घटनाक्रमहरूसँग जोडिएको छ।

### सुगौली सन्धिको ऐतिहासिक दंश र विभेदको सुरुवात

नेपाल-अंग्रेज युद्धमा गोर्खाली सेनाले वीरतापूर्वक लडे पनि सन् १८१६ को सुगौली सन्धि नेपालका लागि एउटा युगीन र बाध्यताको मोड बन्यो । तत्कालीन शासकहरूले युद्ध पूर्ण रूपमा नहाने पनि रक्षात्मक परिस्थितिमा पुगेर आफ्नो उब्जाउ भूभाग र प्राकृतिक स्रोत गुमाउनुपऱ्यो । अंग्रेजहरूले भारतमा आफ्नो रेल्वे विस्तारका लागि मधेसको जंगलबाट काठ, वन्यजन्तु (हात्ती) र अन्य प्राकृतिक स्रोतहरू दोहन गरे । यसबाहेक, ब्रिटिश सेनामा गोर्खा भर्तीको सुरुआत पनि यही ऐतिहासिक विवशताको परिणाम थियो।

यो सन्धिपछि काठमाण्डुको केन्द्रीय सत्ताले तराईको भूगोल र अर्थतन्त्रलाई त स्विकाऱ्यो, तर त्यहाँका नागरिकलाई न्याय र समानता दिन सकेन । भीमफेदीमा चेकपोस्ट खडा गरेर मधेशका नागरिकलाई काठमाण्डु प्रवेश गर्न अनुमति (पासपोर्ट) चाहिने तत्कालीन व्यवस्थाले 'आफ्नै देशभित्र दोस्रो दर्जाको नागरिक' भएको अनुभूति गरायो। विभेदको यो शृंखला त्यहीँबाट संस्थागत भएको मान्न सकिन्छ।

### मधेशको समृद्ध सांस्कृतिक र राजनीतिक विरासत

इतिहासको अर्को पाटो के हो भने, मधेशको सभ्यता र पहिचान काठमाण्डुको केन्द्रीय सत्ताभन्दा पनि पुरानो र समृद्ध छ। मध्यकालमा सिम्रौनगढ (तिरहुत राज्य) कला, संस्कृति र राजनीतिको बलियो केन्द्र थियो। मल्लकालमा काठमाण्डुका दरबारहरूमा मैथिली भाषालाई उच्च सम्मान दिइन्थ्यो र यो दरबारिया भाषाको रूपमा प्रयोग हुन्थ्यो । तिर्हुत सेनाको आफ्नै गौरवशाली इतिहास छ। त्यसैले, मधेस नेपालमा पछि जोडिएको भूभाग होइन, यो त नेपालको जग र पहिचानको अभिन्न अंग हो।

### नागरिकता र सुशासनको गम्भीर संकट

आज देशमा नागरिकता र राष्ट्रियताको विषय निकै संवेदनशील बनेको छ । सदियौँदेखि आफ्नो भूमिलाई प्राणभन्दा प्यारो ठानेर रक्षा गर्ने सच्चा र इमानदार नेपालीहरू नै यो देशका असली पहरेदार हुन् । तर, राजनीतिक दलहरूले आफ्नो निहित स्वार्थ र भोट बैंकको राजनीतिका लागि नागरिकता जस्तो संवेदनशील विषयलाई गम्भीर खेलबाडको माध्यम बनाएका



छन् । देशको भूगोल, जल, र जंगलको व्यापार गर्ने र राष्ट्रिय हितलाई तिलाञ्जली दिने 'नीतिगत विचलन' का कारण आम नागरिकमा तीव्र आक्रोश छ। कतिपय तत्वहरू देशमा निरन्तर द्वन्द्व र अस्थिरता चाहन्छन्, किनकि उनीहरूको राजनीतिक र आर्थिक कमाइ त्यही अस्थिरताभित्रै सुरक्षित हुन्छ।

### समावेशी लोकतन्त्र र सुशासनको आवश्यकता


आजको लोकतान्त्रिक र गणतान्त्रिक व्यवस्था कुनै निश्चित वर्ग, समुदाय वा भूगोलका मानिसले मात्र ल्याएको होइन । यसका लागि हिमाल, पहाड र मधेसका प्रत्येक उत्पीडित वर्गले उत्तिकै रगत-पसिना बगाएका छन्। विशेष गरी मधेश आन्दोलनहरूले देशलाई संघीयता र समावेशिताको बाटोमा डोऱ्याउन ठूलो जग हालेका छन्।

तर, विडम्बना! आज देश भ्रष्टाचारको अखाडा बनेको छ। सामान्य सरकारी कार्यालयमा एउटा निवेदन दर्ता गर्न समेत घुस दिनुपर्ने बाध्यता छ। इमानदार र सक्षम नेतृत्व भ्रष्टाचारको यो दलदलमा नअटाउने भएकाले उनीहरूलाई राज्यको प्रमुख जिम्मेवारीबाट बञ्चित गरिँदैछ।

### निष्कर्ष

कुनै पनि देश तबसम्म समृद्ध र सबल हुन सक्दैन, जबसम्म त्यसले आफ्ना आन्तरिक नागरिकका समस्या समाधान गर्दैन र बाह्य शक्तिको इसारामा चल्ने प्रयास गर्छ। नेपाललाई बलियो बनाउने हो भने सबैभन्दा पहिले देशभित्रको आन्तरिक द्वन्द्व, विभेद र अविश्वासको अन्त्य हुनुपर्छ । हिजोका ऐतिहासिक गल्तीहरूलाई सच्याउँदै सबै क्षेत्र र समुदायका नागरिकलाई समान अधिकार, न्याय र सुशासनको ग्यारेन्टी गरिनुपर्छ । देश विभाजनले होइन, न्यायपूर्ण एकता र साझा अपनत्वले मात्र बन्छ।

# २५ अर्ब बढीको ईभी सवारी आयात



**टुडे समाचारदाता**

वीरगञ्ज । चालु आर्थिक वर्षको ११ महिना भित्र नेपालमा २५ अर्ब ५५ करोड ९९ लाख १६ हजार रुपैयाँ बराबरका १० हजार ८४५ वटा विद्युतीय सवारीसाधन (ईभी) आयात भएको छ।

भन्सार विभागले जनाए अनुसार साउनदेखि जेठ मसान्तसम्मको अवधिमा ५० किलोवाटदेखि २०१ किलोवाट क्षमतासम्मका विभिन्न मोडलका विद्युतीय गाडी नेपाल भित्रिएको हो।

विभागको तथ्यांकअनुसार ५० किलोवाट क्षमताका तीन हजार ६८० वटा विद्युतीय गाडी आयात भएका छन् । ती गाडीको कुल मूल्य पाँच अर्ब ६५ करोड रुपैयाँ रहेको छ।

त्यसैगरी ५१ किलोवाटदेखि १०० किलोवाट क्षमताका छ हजार ३५७ वटा विद्युतीय गाडी आयात भएका छन्। यी सवारीसाधनको कुल मूल्य १६ अर्ब ४९ करोड ७९ लाख ४६ हजार रुपैयाँ रहेको विभागले जनाएको छ।

पछिल्ला वर्षहरूमा नेपालमा विद्युतीय सवारीप्रति उपभोक्ताको आकर्षण बढ्दै गएको छ। इन्धन खर्चमा बचत, वातावरणमैत्री प्रविधि तथा सरकारी नीतिगत प्रोत्साहनका कारण विद्युतीय गाडीको आयात र प्रयोग उल्लेख्य रूपमा वृद्धि भइरहेको देखिन्छ।

विद्युतीय सवारीको बढ्दो प्रयोगसँगै चार्जिङ पूर्वाधार विस्तार तथा ऊर्जा व्यवस्थापनलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता पनि बढ्दै गएको सरोकारवालाहरूको भनाइ छ।

# सरुवा निर्णय कार्यान्वयन गर्न अन्तरिम आदेश

**टुडे समाचारदाता**

जनकपुरधाम । उच्च अदालत जनकपुरधामको राजविराज इजलासले मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयद्वारा गरिएको कर्मचारी सरुवा निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ।

सामाजिक विकास इकाई सप्तरीका प्रमुख अनिल कुमार यादवले दायर गरेको रिट निवेदनमाथि सुनुवाइ गर्दै न्यायाधीश पुष्पशिला दवाडी घिमिरेको एकल इजलासले उक्त आदेश दिएको हो। अदालतले मन्त्रालयसहित सम्बन्धित पक्षलाई कारण देखाऊ आदेश जारी गर्दै सरुवा निर्णयको कार्यान्वयन अस्थायी रूपमा रोक्न निर्देशन दिएको छ।




आदेशमा निवेदकले उठाएका विषयमा मागबमोजिम आदेश जारी हुन नपर्ने कुनै आधार वा कारण भए प्रमाणसहित १५ दिनभित्र मुख्य न्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्न भनिएको छ।

यस्तै, अन्तरिम आदेश जारी गर्ने वा नगर्ने विषयमा थप बहस आवश्यक देखिएको भन्दै अदालतले दुवै पक्षलाई २०८३ असार १६ गते उपस्थित हुन निर्देशन दिएको छ। सो मितिसम्म सरुवा निर्णय कार्यान्वयन नगर्न र निवेदक यादवले हालसम्म सम्हाल्दै आएको जिम्मेवारी तथा कामकाजमा कुनै प्रकारको अवरोध सिर्जना नगर्न पनि अदालतले स्पष्ट आदेश दिएको छ।

मधेश प्रदेश सरकारको मन्त्रीस्तरीय निर्णयका आधारमा मन्त्रालयका निमित्त प्रदेश सचिव सुशील कुमार साह तेलीले असार ५ गते चलानी नम्बर ७३१ मार्फत पत्राचार गर्दै सामाजिक विकास इकाई सप्तरीका प्रमुख यादवलाई मन्त्रालयमा काज फिर्ता बोलाएका थिए। त्यसपछि उक्त निर्णयविरुद्ध यादवले उच्च अदालतमा रिट निवेदन दायर गरेका हुन्।

यसैबीच, आइतबार बसेको मधेश प्रदेश सभाको बैठकमा सांसद तथा पूर्व अर्थमन्त्री महेश प्रसाद यादवले पनि आर्थिक वर्षको अन्त्यतिर भइरहेका कर्मचारी सरुवा र काज फिर्ता प्रक्रियामाथि प्रश्न उठाएका थिए। उनले यस्ता निर्णयमार्फत आफूअनुकूल कर्मचारी व्यवस्थापन गर्ने र आर्थिक चलखेलका लागि वातावरण बनाउने प्रयास भइरहेको आरोप लगाएका थिए।

# पोखरा र वीरगञ्ज विजयी

**टुडे समाचारदाता**

जनकपुरधाम । पीएल सिंह मेमोरियल टी-२० क्रिकेट खेलमा पोखरा र वीरगञ्ज महानगरपालिका विजयी भएका छन् ।

कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट मैदानमा जारी प्रतियोगिताअन्तर्गत बुधबार सम्पन्न खेलमा पोखरा र वीरगञ्ज महानगरपालिका विजयी भएका हुन् । पोखरा महानगरपालिकाले भरतपुर महानगरपालिकामाथि ६ विकेटको जित निकाल्यो । उक्त खेलमा भरतपुर महानगरपालिकाले टस जितेर पहिला ब्याटिङ गर्दै १८.४ ओभरमा सबै विकेट गुमाएर १२३ रन मात्र बनाउन सक्यो ।

भरतपुरका लागि शुभ कंसाकारले २२ बलमा ३० रनको सर्वाधिक योगदान दिए । यस्तै सूर्यान्शु कोइरालाले १७, गौतम केसीले १७ र योगेशबहादुर भाटले १७ रन जोडे । बलिङतर्फ पोखराका सुदीप अर्याल, अपराजित पौडेल, कृष्ण पौडेल र सुवास भण्डारीले दुई विकेट लिए ।



एक सय २४ रनको विजयी लक्ष्य पोखरा महानगरपालिकाले १८.१ ओभरमा चार विकेट गुमाउँदै पूरा गर्‍यो । पोखराको जितमा मुस्कान थापा मगरले उत्कृष्ट इनिङ खेल्दै ४६ बलमा अविजित ५१ रनको अर्धशतकीय पारी खेले ।

उनी खेलको 'प्लेयर अफ दी म्याच' घोषित भए ।

यसैगरी बुधबार नै भएको अर्को खेलमा वीरगञ्ज महानगरपालिकाले विराटनगर महानगरपालिकालाई ५८ रनले हरायो । वीरगञ्जले टस जितेर पहिला ब्याटिङ गर्दै निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १३५ रन बनायो । वीरगञ्जका लागि अलराउन्डर पवन सर्राफले आक्रामक ब्याटिङ गर्दै ४४ बलमा ६३ रनको उत्कृष्ट अर्धशतकीय पारी खेले । यस्तै अनिलकुमार साहले १७ रनको योगदान दिए ।

बलिङतर्फ विराटनगरका लागि प्रतीक पोखरेल र दिपेश कँडेलले दुई-दुई विकेट लिए । एक सय १३६ रनको लक्ष्य पछ्याएको विराटनगरको पारी १८ ओभर खेल्दै मात्र ७७ रनमा समेटियो । विराटनगरका लागि प्रेम कामतले अविजित २३ रन र दिपेश कँडेलले १५ रन बनाए ।

बलिङतर्फ वीरगञ्जका विशाल पटेलले ४ ओभरमा मात्र १० रन खर्चेर ४ विकेट लिए। पवन सर्राफले ४ ओभरमा १५ रन खर्चेर ३ विकेट लिए। ब्याटिङ र बलिङ दुवै विधामा उत्कृष्ट खेल प्रदर्शन गरेका वीरगञ्जका पवन खेलको 'प्लेयर अफ दी म्याच' चुनिए।

यही असार ५ गतेदेखि त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट मैदानमा प्रतियोगिता सञ्चालन भएको हो। काठमाडौं महानगरपालिकाले आयोजना गरेको अन्तर महानगर टि-२० प्रतियोगिताको विजेताले रु ११ लाख र उपविजेताले रु पाँच लाख पुरस्कार प्राप्त गर्नेछ।

# वीरगञ्जमा दुई दिन विद्यालय बन्द

**टुडे समाचारदाता**

वीरगञ्ज । बढदै गएको अत्यधिक गर्मीले वीरगञ्जमा दुई दिन विद्यालय बन्द गरिएको छ। वीरगञ्ज महानगरपालिकाले महानगर क्षेत्रभित्र सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालयमा दुई दिन विदाको घोषणा गरेको छ।

महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाले बुधबार सूचना जारी गर्दै असार ११ र १२ गते महानगरभित्रका सबै विद्यालय बन्द गर्ने निर्णय गरेको हो । तर शनिबार र आइतबार सार्वजनिक बिदा परेकाले विद्यालयहरू असार १४ गतेसम्म बन्द रहनेछन् ।




चर्को गर्मीका कारण विद्यार्थीहरूको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने जोखिमलाई मध्यनजर गर्दै सावधानी स्वरूप केही दिनका लागि पठनपाठन स्थगित महानगरका शिक्षा महाशाखाले जनाएको छ।

सो बिदा अवधि वार्षिक बिदाबाट समायोजन गरिने पनि सूचनामा भनिएको छ । महानगरपालिकाले दिएका विदा शुक्रवार नै सकिनेछ । शनिवार र आइतवार बिदा भएकाले विद्यालयहरू आगामी असार १५ गते सोमबारदेखि नियमित रूपमा सञ्चालन हुनेछन् ।

पछिल्ला केही दिनयता तराई-मधेसका जिल्लाहरूमा तापक्रम निरन्तर बढ्दै गएको छ । अत्यधिक गर्मीका कारण जनजीवन प्रभावित बन्दै गएको अवस्थामा विद्यार्थीहरूको स्वास्थ्य र सुरक्षालाई प्राथमिकतामा राख्दै बिदा दिने निर्णय गरिएको महानगरपालिकाले बताएका छन् ।

साथै महानगरपालिकाले अभिभावकलाई गर्मीको समयमा बालबालिकाको स्वास्थ्यप्रति विशेष ध्यान दिन, पर्याप्त पानी पिउन लगाउन तथा अत्यधिक घाममा बाहिर ननिस्कन आवश्यक सावधानी अपनाउन आग्रह समेत गरेको छ।

# उपभोक्ता ठग्ने दुई कम्पनीलाई कारवाही

**टुडे समाचारदाता**

काठमाण्डू । तोकिएको मूल्यभन्दाबढी रकमको असुलेर उपभोक्तालाई ठगी गर्ने दुई कम्पनी कारबाहीमा परेका छन् । अधिकतम खुद्रा मूल्य (एमआरपी) भन्दा बढी रकम असुल्ने र मालसामान बिक्री गर्दा बिलबिजक जारी नगर्ने ललितपुर र काठमाडौंका दुई कम्पनीलाई वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले ४ लाख ४० हजार रुपैयाँ जरिबाना गरिएको छ।

विभागले मंगलबार गरेको बजार अनुगमनका क्रममा ललितपुर महानगरपालिका-२५ स्थित मार्केट प्लेस प्रालिले २ सय ४५ रुपैयाँ एमआरपी तोकिएको 'सिम्पल आई मास्क' लाई ३ सय ९५ रुपैयाँमा बिक्री गरेको फेला पारेको थियो ।

उपभोक्ताबाट अनुचित मूल्य लिई ठगी गरेको प्रमाणित भएको भन्दै विभागले उक्त कम्पनीलाई उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम २ लाख ४० हजार रुपैयाँ जरिबाना तिराएको हो ।




त्यसैगरी काठमाडौं महानगरपालिका-१६, बालाजुस्थित लिलिज नेपाल प्रालिलाई विभागले २ लाख रुपैयाँ जरिबाना तिराएको छ। उक्त कम्पनीले उपभोक्तालाई मालसामान बेचबिखन गर्दा अनिवार्य रूपमा दिनुपर्ने बिल बिजक (बिक्री बिल) जारी नगरेको पाइएपछि उक्त जरिबाना तिराइएको विभागको भनाइ छ।

अनुगमनकै क्रममा ललितपुर-४ भनिमण्डलस्थित सोल स्क्वायर प्रालिलाई विभागले ३ दिनभित्र उपस्थित हुन निर्देशन दिएको छ । उक्त व्यवसायलाई दर्ता प्रमाणपत्र, प्यान/भ्याट र खरिदबिक्रीका बिलबिजक लगायतका सम्पूर्ण कागजातसहित ३ दिनभित्र विभागमा उपस्थित हुन भनिएको छ।


त्यसैगरी, विभागको अनुगमन टोलीले काठमाडौंका अन्य ५ वटा व्यावसायिक फर्महरूलाई भने सामान्य निर्देशन दिएको छ।

# मधेश प्रदेशमा आँपको उत्पादन घट्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा आँपखेती गर्ने जमिनको को क्षेत्रफल बढे पनि उत्पादन घटेको छ।

यस वर्ष हावाहुरी र रोग-कीराको प्रकोपका कारण यस वर्ष उत्पादन घटेको कृषि विज्ञ दिनेश यादवले बताउनुभयो । किसानले उन्नत जातका बिरुवा प्रयोग गर्न थालेको, बगैंचा व्यवस्थापन तथा सिँचाइ प्रणालीमा सुधार आएको भएपनि उत्पादनमा हावाहुरीले क्षति पुर्‍याएपछि किसान भने चिन्तित छन् ।



कृषि विकास निर्देशनालय, नक्टाझिज धनुषाका अनुसार आर्थिक वर्ष २०८२/८३ मा प्रदेशभर ३२ हजार ५७४ हेक्टर क्षेत्रफलमा आँपखेती गरिएको छ । उक्त क्षेत्रफलबाट प्रतिहेक्टर औसत नौ दशमलव चार मेट्रिक टन उत्पादकत्वका दरले दुई लाख ९४ हजार ५६७ मेट्रिक टन आँप उत्पादन भएको बागवानी अधिकृत किरण विश्वकर्माले जानकारी दिनुभयो ।

अघिल्लो आव २०८१/८२ मा २९ हजार ८८० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ११ दशमलव ४३ मेट्रिक टन उत्पादकत्वका दरले तीन लाख ४१ हजार ४४५ मेट्रिक टन आँप उत्पादन भएको थियो । तुलनात्मक रुपमा चालु वर्ष आँपखेतीको क्षेत्रफल दुई हजार ६९४ हेक्टरले बढे पनि उत्पादन ४६ हजार ८७८ मेट्रिक टनले घटेको देखिएको छ।

निर्देशनालयका अनुसार यस वर्ष सबैभन्दा बढी उत्पादकत्व बारामा प्रतिहेक्टर १३ दशमलव ८० मेट्रिक टन र सबैभन्दा कम सर्लाहीमा प्रतिहेक्टर ६ दशमलव २० मेट्रिक टन रहेको छ।

जिल्लागत रूपमा सप्तरीमा आठ हजार ३८७ हेक्टर क्षेत्रफलबाट ७५ हजार ५०० मेट्रिक टन, सिरहामा नौ हजार ५० हेक्टरबाट ७२ हजार ४०० मेट्रिक टन तथा रौतहटमा चार हजार ७७० हेक्टर क्षेत्रफलबाट ५४ हजार ३७८ मेट्रिक टन आँप उत्पादन भएको छ।

त्यसैगरी, सर्लाहीमा दुई हजार १०० हेक्टरबाट १३ हजार २० मेट्रिक टन, महोत्तरीमा तीन हजार हेक्टरबाट २९ हजार ७०० मेट्रिक टन, धनुषामा तीन हजार ३२५ हेक्टरबाट २३ हजार २७५ मेट्रिक टन, बारामा एक हजार ४९५ हेक्टरबाट २० हजार ६३१ मेट्रिक टन तथा पर्सामा ४४७ हेक्टर क्षेत्रफलबाट पाँच हजार ९६३ मेट्रिक टन आँप उत्पादन भएको तथ्याङ्क छ।

मधेस प्रदेशमा मालदह, दशहरी, बम्बई, कलकतिया र आम्रपालीलगायत जातका आँप उत्पादन हुन्छ। यहाँ उत्पादन भएका आँप प्रदेशभित्रका जिल्लाको साथै काठमाडौँ उपत्यका र देशका अन्य प्रमुख बजारमा निर्यात हुँदै आएको छ।

उहाँका अनुसार उत्पादन घटे पनि दीर्घकालीन रूपमा आँपखेतीको व्यवसायीकरण र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ। रासस

# वीरगञ्जको नीति तथा कार्यक्रम: सुशासनयुक्त महानगरमा जोड




वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा पूर्वाधार विकास, वन तथा वातावरण, विपद् व्यवस्थापन, आर्थिक विकास, सामाजिक विकास र सुशासनमा जोड दिएको छ।

महानगरपालिकाका कार्यवाहक प्रमुख इम्तियाज आलमले आज महानगरको २० औं नगरसभामा आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमम प्रस्तुत गर्दै डिजिटल, सुशासनयुक्त महानगर, नागरिक-केन्द्रित सेवा प्रणाली भएको सहर, हरित तथा दिगो सहरी संरचनायुक्त स्थान, उद्यमशीलता र लगानीको केन्द्र, तथा अवसर सिर्जना गर्ने आर्थिक केन्द्रका रूपमा रूपान्तरण गर्ने लक्ष्य लिएको बताउनुभयो।

त्यसैगरी, आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमले दिगो विकास लक्ष्यको स्थानीयकरण, आधुनिक तथा गुणस्तरीय शहरी पूर्वाधार निर्माण, सुरक्षित र व्यवस्थित बस्ती विकास, शिक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि, कृषि तथा उद्यम विकास, लगानी तथा पर्यटन प्रवर्द्धन, सुशासन, वातावरण संरक्षण, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा तथा समावेशी विकासलाई प्रमुख प्राथमिकताका रूपमा अघि सारेको प्रमुख आलमले उल्लेख गर्नुभयो।

साथै, महानगरपालिकाको आन्तरिक आय अभिवृद्धि, प्रक्रियागत पुनसंरचनामार्फत सेवा प्रवाह सुधार, प्रविधिमैत्री प्रशासन, नागरिक सहभागितामा आधारित विकास व्यवस्थापन तथा सार्वजनिक स्रोतसाधनको पारदर्शी र परिणाममुखी परिचालनलाई पनि विशेष जोड दिएको छ । प्रमुख आलमले भन्नुभयो, "कृषि क्षेत्रको आधुनिकीकरण, विविधीकरण तथा व्यवसायीकरणका लागि आधुनिक प्रविधिमा आधारित उत्पादनशील कृषि प्रणाली अवलम्बन गरिनेछ, मुख्य खाद्यान्नबाली गहुँको उत्पादकत्व बढाउन कृषकलाई ५० प्रतिशत अनुदानमा उन्नत गहुँको बीउ वितरण गर्ने व्यवस्थालाई महत्त्वका साथ निरन्तरता दिइनेछ।"

महानगरले जलवायु परिवर्तन तथा रसायनिक मलको उच्चतम प्रयोगका कारण कृषि क्षेत्रमा सिर्जित जोखिम र बालीनालीमा लाग्ने आकस्मिक रोगव्याधि तथा कीरा नियन्त्रणका लागि 'आकस्मिक बाली संरक्षण कार्यक्रम' समेत सञ्चालन गर्ने भएको छ। कृषकलाई नवीन प्रविधिसँग जोड्न बर्षे र हिउँदे मिनीकिट तथा सहरी क्षेत्रमा च्याउ खेती प्रवर्द्धनका लागि च्याउको बीउ वितरण कार्यक्रमलाई प्राथमिकता भने महानगरले भनेको छ।

नीति तथा कार्यक्रममा भनिएको छ, "दिगो विकासको लक्ष्य अनुरूप गुणस्तरीय शिक्षा सुचिश्चित गर्न महानगर क्षेत्रभित्र रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयको मूल धारबाट कुनै पनि बालबालिकालाई बञ्चित हुन नदिन खास विद्यार्थी भर्ना दरलाई शतप्रतिशत बनाउन निरन्तर समन्वय, सहकार्य, अनुगमन तथा मूल्याङ्कन कार्यमा तीव्रता ल्याइनेछ।" रासस

# लोहारपट्टी नगरपालिकाको बजेट ५६ करोड बढी

**टुडे समाचारदाता**

जनकपुरधाम। महोत्तरीको लोहारपट्टी नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ५६ करोडभन्दा बढीको बजेट प्रस्तुत गरेको छ।

बुधवार सम्पन्न नगरसभामा नगरपालिकाले आगामी वर्षका लागि ५६ करोड ५ लाख ६९ हजार रुपैयाँको अनुमानित आय-व्यय प्रस्तुत गर्दै विकास र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने लक्ष्य लिएको जनाएको छ।

कुल बजेटमध्ये ६७.५० प्रतिशत अर्थात् ३७ करोड ८३ लाख ६९ हजार रुपैयाँ चालु खर्चतर्फ तथा ३२.५० प्रतिशत अर्थात् १८ करोड २२ लाख रुपैयाँ पुँजीगत खर्चतर्फ विनियोजन गरिएको छ।

प्रस्तुत बजेटको मुख्य उद्देश्य नगरभित्रका आधारभूत पूर्वाधारको विस्तार, आर्थिक गतिविधिको प्रवर्द्धन, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा पहुँच वृद्धि, सामाजिक न्याय तथा समावेशी विकास सुनिश्चित गर्नु रहेको उल्लेख गरिएको छ। नगरपालिकाले सडक, पुल, खानेपानी, सिँचाइ, विद्युत् तथा शहरी पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्दै कृषि उत्पादन वृद्धि, उद्यमशीलता विकास र रोजगारी सिर्जनालाई समेत विशेष जोड दिएको छ।




त्यसैगरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति लगायत लक्षित वर्गको सामाजिक तथा आर्थिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिने जनाइएको छ। शिक्षा र सीप विकास, डिजिटल प्रविधिमैत्री सेवा प्रवाह तथा सुशासन प्रवर्द्धनलाई पनि आगामी वर्षको नीति तथा कार्यक्रमको महत्वपूर्ण आधारका रूपमा प्रस्तुत गरिएको छ।

नगरपालिकाले आन्तरिक राजस्व, राजस्व बाँडफाँड, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण र सञ्चित कोषमा रहेको रकमलाई बजेटको प्रमुख स्रोतका रूपमा उल्लेख गरेको छ। करदातामैत्री नीति अवलम्बन गर्दै राजस्वको दायरा विस्तार गर्ने र उपलब्ध स्रोत-साधनको अधिकतम उपयोगमार्फत नगरवासीलाई सरल, सुलभ तथा गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता समेत व्यक्त गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

ओमकार बिल्डर्स काठमाण्डौंको कम्पनी रजिस्ट्रारको कार्यालयको मिति २०८३/०३/०१ गते निर्णयानुसार ओमकार बिल्डर्सको नाम सेवा इन्फ्रास्ट्रक्चर नाम परिवर्तन भएको हुदाँ साविकको कम्पनीको नामबाट श्रृज्ना भएको वा साविकको कम्पनीको नाममा रहेको चल/अचल सम्पत्ति तथा तिर्न व्यहोर्ने कर दायित्व आदि सम्पूर्ण परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सेवा इन्फ्रास्ट्रक्चर**
**काठमाण्डौं महानगरपालिका – १०, काठमाण्डौं**
**सम्पर्क नं. ९८५१०१०८८५**

**मोटरसाईकल हरायो**

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा. वडा नं. ७, दुर्गा चौक आफ्नै घर अगाडी Parking गरिराखेको अवस्थाबाट मिति २०८३/०३/०८ गते करिब दिउसो ०२:०० बजे म.प्र. ०२-०९ प २९१३ नम्बरको Spark Met रंगको ईन्जिन नं. DKXCSC29100 चेचिस नम्बर MD2A13EX5CD84669 को बजाज कम्पनीको Pulser 220 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

**नामः मोलवी साफी**
**ठेगानाः जनकपुरधाम उ.म.न.पा.-७ धनुषा**
**मो. नं. ९८१७६८४७८६**

# पदमा फर्किने आश निलम्बित मेयर सिंहको तुहियो

**टुडे समाचारदाता**

वीरगञ्ज । नागरिकता प्रकरणको भ्रष्टाचार मुद्दा मुछिएका निलम्बित वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहको पद पाउने आश सर्वोच्च अदालतबाट पनि तुहिएको छ।

पुनः मेयरको हैसियतमा काम गर्न पाउने वातावरण बनाई दिन सिंहले माग अन्तरिम आदे सर्वोच्च अदालतले अस्वीकार गरिदिएका छन्।

नागरिकता प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत जेठ २५ गते सिंहसहित ६ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता गरेपछि उनी स्वतः निलम्बनमा परेका थिए। निलम्बनविरुद्ध कानुनी उपचार खोज्दै सिंहले काम गर्न वातावरण मिलाई दिन भनी अन्तरिम आदेशको माग गर्दै सर्वोच्च पुगेका थिए।

तर मंगलबार न्यायाधीश कुमार रेग्मीको एकल इजलासले तत्काल आदेश जारी गर्न आवश्यक आधार नदेखिएको ठहर गर्दै विपक्षी पक्षलाई समेत छलफलका लागि बोलाउने आदेश दिएपछि मेयरमा पुनः फर्किने आश उनको तुहिएको छ । अब यस विषयमा थप सुनुवाइ असार १५ गते हुने तय भएको बुझिएको छ।

कानुनअनुसार भ्रष्टाचारसम्बन्धी मुद्दा दायर भएका निर्वाचित जनप्रतिनिधि मुद्दाको अन्तिम टुंगो नलागेसम्म पदको अधिकार प्रयोग गर्न पाउँदैनन् व्यवस्था अन्तर्गत उनी स्वतः निलम्बनमा परेका थिए। त्यसयता सिंह मेयरको नियमित जिम्मेवारीबाट बाहिर छन्।

विशेष अदालतमा आफ्नो प्रतिरक्षा प्रस्तुत गर्नुअघि नै सर्वोच्च अदालतबाट राहत खोज्ने



उनको रणनीतिले पहिलो चरणमै असफल हुन गएको छ।

अख्तियारले गरेको अनुसन्धान अनुसार भट्टराई थर भएकी एक महिलाकी छोरीलाई आफ्नी छोरी 'रविना श्रेष्ठ' का रूपमा प्रस्तुत गरी नागरिकता दिलाउने योजनाबद्ध प्रक्रिया सञ्चालन गरिएको थियो । जन्मदर्तादेखि नागरिकता सिफारिस र अन्ततः नागरिकता जारी हुने सम्पूर्ण प्रक्रियामा झुट्टा विवरण प्रयोग गरिएको आयोगको दाबी छ।

सो आरोपमा अख्तियारले सिंहसँगै वीरगञ्ज महानगरपालिका वडा नम्बर ३ का तत्कालीन वडा सचिव मिश्रबारी राय, जिल्ला प्रशासन कार्यालय पर्साका तत्कालीन प्रशासनिक अधिकृत षड्कुमार पोखरेल, गृह मन्त्रालयका तत्कालीन उपसचिव पुष्कर राना तथा शाखा अधिकृत पुरुषोत्तम पोखरेल र तत्कालीन कार्यवाहक वडा अध्यक्ष तुफेल अख्तर ठकुराईलाई प्रतिवादी बनाएको छ।

अनुसन्धानका क्रममा कागजात हेरफेर, सरकारी अभिलेख सच्याउने, केरमेट गर्ने, प्रमाण नष्ट गर्ने तथा तथ्य लुकाउने कार्य गरिएको आरोप अख्तियारको छ । आयोगले झुठा विवरणको आधारमा नागरिकता दिलाएको भन्दापनि सरकारी कागजागत नष्ट पारेको आरोप सिंहमाथि लगाएको छ।

सबै प्रतिवादीविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत विभिन्न कसुरमा कैद र जरिवानाको माग गर्दै अख्तियारले विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरेको छ।

## निलम्बित सांसद शर्माको पेशी ४९ औं पटक स्थगित



**टुडे समाचारदाता**

जनकपुरधाम । सशस्त्र प्रहरीका असई थमन विक हत्या आरोप लागेका मधेस प्रदेशसभाका निलम्बित सांसद अभिराम शर्माको ४९ औं पटक पेशी स्थगित भएको छ।

बुधवार न्यायाधीशद्वय कैलाशप्रसाद सुवेदी र कृष्णप्रसाद सुवेदीको संयुक्त इजलाशमा निलम्बित सांसद शर्मासहितका पेशी तोकिएकोमा शर्माको कानुन व्यवसायीको तर्फबाट पेशी स्थगित गरिएको हो।

उच्च अदालतको तथ्यांक अनुसार शर्माको मुद्दामा २८ वटा पेशी विभिन्न कारण देखाउँदै स्थगित गरिएको छ । यस्तै, ११ वटा पेशीमा विभिन्न आदेश आएको छ भने ६ वटा पेशी हेर्न नभ्याइनेमा परेको थियो । २ वटा पेशी हेर्दाहेर्दैमा परेको थियो भने २ वटा पेशीमा बकपत्र भएको थियो।

आजको पेशी निवेदकको कानुन व्यवसायीको तर्फबाट स्थगित गरिएको छ भने यसअघि असार ३ गते हेर्न नभ्याइनेमा परेको थियो । जेठ २७ गतेको पेशीमा अर्को पेशी तोक्ने आदेश भएको थियो भने त्यसअघि जेठ २० गते लगाउको कारणबाट पेशी स्थगित भएको थियो। यस्तै, जेठ १३ गतेको पेशी पनि लगाउको कारणबाट स्थगित भएको थियो भने जेठ ६ गतेको पेशी निवेदकको कानुन व्यवसायीबाट स्थगित गरिएको थियो।

निलम्बित सांसद शर्मालगायतको मुद्दा लगाउको कारणबाट, पुनरावेदकको कानुन व्यवसायी, प्रत्यर्थीको कानुन व्यवसायीबाट, निवेदकको कानुन व्यवसायीका कारण स्थगित हुँदै आएको छ। विभिन्न ७ वटा मुद्दा एकै साथ राखेर पेशी तोकिने गरेको छ।

मधेस आन्दोलनको क्रममा सशस्त्र प्रहरीका असई थमन विकको हत्या प्रकरणमा महोत्तरी जिल्ला अदालतले तत्कालिन लोकतान्त्रिक समाजवादी पार्टी नेपालका मधेस प्रदेशसभा सदस्य शर्मासहित प्रदीप साह, संजयकुमार साह, मोहन ठाकुर, धर्मेन्द्र राय, शंकर शाही भनिने राम शंकर शाही र सुरेश पाण्डेलाई जन्म कैदको सजाय सुनाएको थियो।

२०८० मंसिर २८ गते न्यायाधीश उद्धबप्रसाद भट्टराईको इजलाशले सुनाएको फैसला विरुद्ध शर्माका बुवा महेन्द्र शर्माले २०८१ बैशाख ९ गते, मिश्रको हकमा उनको श्रीमती संगीता कुमारी शर्मा, पाण्डेको हकमा उनको छोरी प्रियंका पाण्डे र धमेन्द्र रायको हकमा उनको दाजु अरविवन्द कुमार रायले उच्च अदालतमा निवेदन दिएका थिए। तर अढाई वर्षको अवधिमा ४९ पटक पेशी स्थगित भइसकेको छ।

## गर्मीमा सतर्कता अपनाउन आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम। गत केही दिनदेखि तराई जिल्लामा तापक्रम निरन्तर बढ्दै गएपछि जल तथा मौसम विज्ञान विभागले सर्वसाधारणलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ। विभागका अनुसार आगामी केही दिन तराई क्षेत्रमा अत्यधिक गर्मी र तातो हावाको प्रभाव रहने सम्भावना छ।

जल तथा मौसम पूर्वानुमान महाशाखाका प्रवक्ता विभूति पोखरेलका अनुसार आगामी तीन दिनसम्म विशेषगरी सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई क्षेत्रमा तातो हावा (लु) चल्ने सम्भावना रहेको छ। बागमती र गण्डकी प्रदेशका केही भूभागमा पनि तापक्रम बढ्ने अनुमान गरिएको उनले बताए।

धनगढीमा अधिकतम तापक्रम ४० डिग्री सेल्सियससम्म पुग्न सक्नेछ भने नेपालगञ्ज र भैरहवामा तापक्रम ४१ डिग्री सेल्सियससम्म पुग्ने सम्भावना रहेको छ। वीरेन्द्रनगर र घोराहीमा समेत गर्मीको प्रभाव बढ्ने अनुमान विभागले सार्वजनिक गरेको पूर्वानुमानमा भनिएको छ ।

बढ्दो तापक्रमका कारण जनस्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने भएकाले विभागले विशेष सावधानी अपनाउन आग्रह गरेको छ। अत्यावश्यक कामबाहेक दिउँसोको समयमा घरबाहिर ननिस्कन, प्रशस्त पानी पिउन, हल्का तथा सुतीका कपडा प्रयोग गर्न र बालबालिका, ज्येष्ठ नागरिक तथा दीर्घरोगीको स्वास्थ्यमा विशेष ध्यान दिन सुझाव दिइएको छ।

विज्ञहरूले अत्यधिक गर्मीका कारण डिहाइड्रेसन, टाउको दुख्ने, थकान, चक्कर आउने तथा 'हिट स्ट्रोक' जस्ता स्वास्थ्य समस्या देखिन सक्ने भएकाले सतर्क रहन आग्रह गरेका छन्।

## चोरी भएको ३० मिनेटमै मोटरसाइकल बरामद

**टुडे समाचारदाता**

रौतहट । चोरी भएको करिब ३० मिनेटभित्रै रौतहट प्रहरीले मोटरसाइकल फेला पार्न सफल भएको छ। चोरीमा संलग्न रहेको आरोपमा दुई जनालाई पक्राउ समेत गरेको छ।

प्रहरीको तीव्र सक्रियता र समयमै गरिएको निगरानीका कारण चोरी भएको सवारी साधन तत्काल फेला परेको हो। पक्राउ पर्नेमा गढीमाई नगरपालिका-६ निवासी २० वर्षीय अनिल कुमार साह र सोही स्थानका २० वर्षीय राम नारायण यादव रहेको ईलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपि शंकर प्रसाद आचार्य ले बताएका छन्।

उनीहरूलाई चोरी भएको मोटरसाइकलसहित नियन्त्रणमा लिइएको थियो। डिएस्पी आचार्यका अनुसार बुधबार साँझ करिब ६:३० बजे गरुडा नगरपालिका-४ धर्मपुर स्थित एक घर अगाडि पार्किङ गरी राखिएको बा.प्र.०२-०४१ प ३८४९ नम्बरको २२० सिसी पल्सर मोटरसाइकल चोरी भएको थियो। घटनाबारे जानकारी प्राप्त हुनासाथ प्रहरी चौकी धर्मपुरबाट खटिएको टोलीले सम्भावित भाग्ने मार्गको निगरानी बढाएको थियो।

विशेषगरी धर्मपुर गाउँबाट बाहिरिने एकमात्र पुलमा कडा चेकजाँच सञ्चालन गर्दा साँझ ७ बजेतिर चोरी भएको मोटरसाइकलसहित दुवै युवकलाई पक्राउ गरिएको डीएसपी आचार्यले जानकारी दिएका छन्।

पक्राउ परेका दुवै जनाविरुद्ध ईलाका प्रहरी कार्यालय गरुडामा चोरी सम्बन्धी कसुरमा मुद्दा दर्ता गरिएको छ। हिजो बिहिवार जिल्ला अदालत रौतहटबाट पाँच दिनको म्याद थप गरी घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी बलन्त गौतमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

सामान्यतया चोरी भएका सवारी साधन फेला पार्न लामो समय लाग्ने गरेको अवस्थामा रौतहट प्रहरीले आधा घण्टाभित्रै मोटरसाइकल बरामद गर्न सफल हुनु सुरक्षा संयन्त्रको प्रभावकारी परिचालनको उदाहरणका रूपमा हेरिएको छ । घटनापछि सम्भावित नाकाहरूमा तत्काल निगरानी बढाउने रणनीतिले सकारात्मक परिणाम दिएको देखिन्छ।

## निर्णय कार्यान्वय नभए आन्दोलन गर्ने चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । वन तथा वातावरण मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट यसअघि गरिएका निर्णयहरू अझै कार्यान्वयनमा नआएको भन्दै चुरे तथा वनजंगल संरक्षण अभियान नेपालले वन तथा वातावरणमन्त्री शंकर प्रसाद चौधरीसमक्ष ज्ञापनपत्र पेश गरेको छ।



अभियानका राष्ट्रिय संयोजक सुनिल यादवद्वारा बुझाइएको ज्ञापनपत्रमा रौतहट डिभिजन वन कार्यालयका प्रमुख हेमन्त प्रसाद साहको सरुवा सम्बन्धी निर्णय कार्यान्वयन नभएको विषय उठाइएको छ। मन्त्रालय तथा मुख्यमन्त्री कार्यालयको निर्देशनअनुसार सरुवा भई नयाँ कार्यस्थलमा हाजिर हुनुपर्ने व्यवस्था भए पनि लामो समयसम्म उक्त निर्णय कार्यान्वयन हुन नसकेको उल्लेख गरिएको छ। यसले सरकारी निर्णयहरूको प्रभावकारितामाथि नै प्रश्न उठाएको अभियानको भनाइ छ।

ज्ञापनपत्रमा रौतहट वन क्षेत्रसँग जोडिएका विभिन्न घटना तथा अनियमितताबारे छानबिन गर्न गठन गरिएका समितिहरूले प्रतिवेदन पेश गरिसकेको भए पनि ती प्रतिवेदन न सार्वजनिक गरिएको छ, न त त्यसअनुसार कुनै ठोस कदम चालिएको छ। अभियानले प्रतिवेदन सार्वजनिक गरी दोषी ठहरिएकामाथि आवश्यक कानुनी तथा प्रशासनिक कारबाही गर्न माग गरेको छ।

त्यसैगरी महोत्तरीको बर्दिवास-कालापानी क्षेत्रमा वन अतिक्रमण नियन्त्रणका क्रममा वन कर्मचारी श्वेता झा, सुमन श्रेष्ठसहित सात जना कर्मचारीलाई घण्टौंसम्म बन्धक बनाइएको तथा सरकारी सवारीसाधनमा आगजनी गरिएको घटनालाई पनि ज्ञापनपत्रमा समेटिएको छ। उक्त घटनाका जिम्मेवार व्यक्तिहरू अझै कानुनी कारबाहीको दायरामा नआएको भन्दै अभियानले मन्त्रालयको भूमिकाप्रति असन्तुष्टि जनाएको छ। आफ्नै मातहतका कर्मचारीमाथि भएको घटनामा समेत मन्त्रालयले प्रभावकारी पहल नगरेको आरोप अभियानको छ।

अभियानले रौतहट डिभिजन वन कार्यालयमा नयाँ डिभिजनल वन अधिकृत तत्काल खटाउने व्यवस्था मिलाउन, रौतहट वन क्षेत्रसम्बन्धी छानबिन प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयन गर्ने तथा बर्दिवास-कालापानी घटनाका दोषीमाथि कानुनी कारबाही अघि बढाई पीडित कर्मचारीलाई न्याय दिलाउन माग गरेको छ।

साथै, प्रस्तुत मागहरू शीघ्र सम्बोधन नभए थप कडा आन्दोलनका कार्यक्रम सार्वजनिक गर्न बाध्य हुने चेतावनी समेत ज्ञापनपत्रमार्फत दिइएको छ।

## वीरगञ्जमा बजेट ४ अर्ब बढी



**टुडे समाचारदाता**

वीरगञ्ज । आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ४ अर्ब ४२ करोड ३४ लाख ९६ हजार रुपैयाँको बजेट वीरगञ्ज महानगरपालिकाले ल्याएको छ । बुधबार सम्पन्न नगरसभामा महानगरको वार्षिक बजेट प्रस्तुत गरिएको हो।

प्रस्तुत बजेटअनुसार चालु खर्चतर्फ २ अर्ब ४० करोड ३४ लाख ८५ हजार रुपैयाँ विनियोजन गरिएको छ भने पुँजीगत खर्चका लागि १ अर्ब ९६ करोड ९९ लाख ८४ हजार रुपैयाँ छुट्याइएको छ । महानगरले विकास निर्माण, सेवा प्रवाह तथा प्रशासनिक सञ्चालनलाई प्राथमिकतामा राखेर बजेट तयार गरेको जनाएको छ।

बजेटका लागि विभिन्न स्रोतबाट आम्दानी जुटाइने उल्लेख गरिएको छ । सङ्घीय सरकारबाट वित्तीय हस्तान्तरणमार्फत १ अर्ब ९८ करोड २९ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । यस्तै, राजस्व बाँडफाँडबाट २४ करोड ६८ लाख ८३ हजार, प्रदेश सरकारको अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट ५ करोड २८ लाख २८ हजार तथा प्रदेश राजस्व बाँडफाँडबाट १ करोड ७६ लाख १४ हजार रुपैयाँ प्राप्त हुने प्रक्षेपण गरिएको छ।

त्यसैगरी घरजग्गा रजिस्ट्रेसन शुल्कबाट ४५ करोड रुपैयाँ, आन्तरिक राजस्वबाट १ अर्ब ४८ करोड रुपैयाँ, गत आर्थिक वर्षको मौज्दातबाट ४ करोड ६९ लाख ४४ हजार रुपैयाँ तथा नगर विकास कोषबाट १५ करोड रुपैयाँ जुटाइने बजेटमा उल्लेख गरिएको छ।

महानगर प्रमुख राजेशमान सिंह भ्रष्टाचारसम्बन्धी मुद्दामा निलम्बनमा परेपछि उपप्रमुख इम्तियाज आलम कार्यवाहक प्रमुखको जिम्मेवारीमा छन्। सोही कारण यसपटकको बजेट वडा नम्बर ४ का अध्यक्ष जगतप्रसाद कानुले नगरसभामा प्रस्तुत गरेका हुन्।

महानगरले आगामी आर्थिक वर्षमा पूर्वाधार विकास, शहरी व्यवस्थापन, शिक्षा, स्वास्थ्य, सरसफाइ तथा सार्वजनिक सेवा प्रवाहलाई प्राथमिकतामा राखेर बजेट कार्यान्वयन गर्ने जनाएको छ।

# संस्कृति र पहिचान संरक्षणको माध्यम पत्रकारिता

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारकी श्रम तथा यातायात मन्त्री शारदा देवी थापाले भाषिक पत्रकारिता स्थानीय भाषा, संस्कृति र पहिचान संरक्षणको महत्वपूर्ण माध्यम रहेको बताएकी छिन्।




आमसञ्चार प्राधिकरण मधेश प्रदेशको आयोजना तथा नेपाल पत्रकार महासंघ महोत्तरीको समन्वयमा 'भाषिक पत्रकारिता एवं सञ्चार माध्यम प्रवर्द्धन सम्बन्धी' दुईदिने आवासीय कार्यशाला कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री थापाले यस्तो बताएकी हुन्।

उनले नेपालमा अध्ययन, रोजगारी र पर्यटनका प्रशस्त सम्भावना रहेकाले पत्रकारहरूले आफ्नो कलाममार्फत यस्ता सकारात्मक पक्षलाई उजागर गर्नुपर्नेमा जोड दिइन्। मन्त्री थापाले पत्रकारिता लोकतन्त्रको महत्वपूर्ण आधार भएको उल्लेख गर्दै पत्रकार हरूको स्वतन्त्रता र सुरक्षाको ग्यारेन्टी राज्यले गर्नुपर्ने धारणा राखिन्।

उनले विकास निर्माणका योजनामा पारदर्शिता र जवाफदेहिताको आवश्यकता औंल्याउँदै सार्वजनिक स्रोत र बजेटको प्रभावकारी उपयोगबारे सञ्चारमाध्यमले निगरानी बढाउनुपर्ने बताइन्।

मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष बन्दना झाले भाषिक पत्रकारिता समाचार सम्प्रेषणको माध्यम मात्र नभई समुदायको पहिचान, संस्कृति र अस्तित्वसँग जोडिएको विषय भएको बताइन्। उनले पत्रकारिताको विश्वसनीयता कायम राख्न आचारसंहिता पालनासँगै स्थानीय भाषाका सञ्चारमाध्यमलाई प्रविधिमैत्री बनाउनु आवश्यक रहेको धारणा व्यक्त गरिन्।

चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डका अध्यक्ष किशोर लेखीले भाषा, साहित्य, कला र सञ्चार एकअर्काका परिपूरक क्षेत्र भएको उल्लेख गर्दै स्थानीय भाषाको सामग्री उत्पादन वृद्धि गर्न राज्य, सञ्चार संस्था र पत्रकारबीच सहकार्य आवश्यक रहेको बताए । भाषिक पत्रकारिताले स्थानीय समुदायका आवाजलाई राष्ट्रिय बहसमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेलेको उनको भनाइ थियो।

नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका अध्यक्ष महेश दासले पत्रकारिताको गुणस्तर अभिवृद्धि र पेशागत क्षमता विकासका लागि यस्ता कार्यक्रम आवश्यक रहेको बताए । उनले नयाँ पत्रकार उत्पादन गर्नु मात्र नभई लामो समयदेखि पत्रकारितामा सक्रिय पत्रकारहरूको सीप, ज्ञान र व्यवसायिक आचरणमा समेत सुधार आवश्यक रहेको धारणा राखे।

कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोगबारे बोल्दै उनले एआईलाई सहयोगी उपकरणका रूपमा प्रयोग गर्न सकिने भए पनि त्यसमा अत्यधिक निर्भर हुँदा पत्रकारको मौलिकता, सिर्जनशीलता र लेखन क्षमता कमजोर हुने जोखिम रहेको बताए । 'आफ्नो भाषा, शैली र पहिचानसहितको सामग्री नै पत्रकारिताको वास्तविक शक्ति हो,' उनले जोड दिए।

## मधेश विश्वविद्यालय सुधारका लागि ५ बुँदे सुझाव



**टुडे समाचारदाता**

वीरगञ्ज । मधेस विश्वविद्यालयको शैक्षिक तथा संस्थागत सुधारको माग गर्दै वीरगञ्जका युवा प्रभाकर साहले बुँदे सुझावपत्र पेश गरेका छन्।

हाल विदेशमा अध्ययनरत साहले बुधबार मधेस विश्वविद्यालय पुगेर उपकुलपति प्रा. डा. दीपकबहादुर शाक्यलाई सुझावपत्र बुझाएका हुन् । साहले २०७९ सालमा स्थापना भएको मधेस विश्वविद्यालय अझै पूर्ण विकसित प्रादेशिक विश्वविद्यालयका रूपमा स्थापित हुन नसकेको उल्लेख गर्दै हाल यसको सञ्चालन सीमित शैक्षिक कार्यक्रममै केन्द्रित रहेको गुनासो गरे।

उपकुलपति शाक्यलाई बुझाइएको सुझावपत्रमा आगामी शैक्षिक सत्रदेखि विज्ञान, इन्जिनियरिङ, सूचना प्रविधि तथा अन्य प्राविधिक संकाय सञ्चालन गर्नुपर्ने, विश्वविद्यालय प्रशासनमा देखिएका द्वन्द्व समाधान गर्नुपर्ने, संस्थालाई वास्तविक बहुविषयक विश्वविद्यालयका रूपमा रूपान्तरण गर्नुपर्ने माग गरिएको छ।

त्यस्तै, शैक्षिक कार्यक्रम विस्तार, शिक्षक नियुक्ति र स्रोत व्यवस्थापनमा पारदर्शिता तथा शैक्षिक स्वायत्तता सुनिश्चित गर्नुपर्ने र पूर्वाधार विकाससँगै नयाँ प्राविधिक कार्यक्रम सञ्चालनका लागि स्पष्ट सार्वजनिक समयसीमा तय गर्नुपर्ने सुझाव पनि पत्रमा समेटिएको छ।

सुझावपत्र ग्रहण गर्दै उपकुलपति प्रा. डा. शाक्यले विज्ञान तथा इन्जिनियरिङसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने विश्वविद्यालयको इच्छा र तयारी रहेको बताए। तर पर्याप्त जग्गा, भौतिक पूर्वाधार तथा दक्ष जनशक्तिको अभावका कारण ती कार्यक्रम तत्काल सञ्चालन गर्न कठिनाइ भइरहेको उनले स्पष्ट पारे।

मधेस विश्वविद्यालयमा प्राविधिक तथा बहुविषयक शैक्षिक कार्यक्रम विस्तारको माग उठिरहेका बेला युवाहरूबाट आएको सुझावपत्रलाई विश्वविद्यालयको भावी विकासका लागि महत्वपूर्ण पहलका रूपमा हेरिएको छ।

छाडा पशु-चौपायाको संरक्षण गरौं

छाडा पशु-चौपायाका कारणले:
- सडक दुर्घटनाको सम्भावना बढ्छ,
- बाली तथा बोटविरुवामा क्षति पुग्छ,
- मानिस र पशु दुबैको जीवन जोखिममा पर्छ,
- जथाभावी फोहोरमैला विसर्जन हुँदा रोग फैलिन सक्छ,

त्यसैले,
- पशु-चौपायालाई घरमा व्यवस्थित तरिकाले राखौं
- चरन क्षेत्रको व्यवस्थापन गरौं,
- सडक छेउमा पशु-चौपाया नछाडौं/छाड्न नदिऔं
- छाडा पशु-चौपायाको नियन्त्रण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८